# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १४-२०७९/०८०

मिति २०७९/१२/१७ समय: बिहान ८:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/१२/१७** **वैठक संख्या: १४-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. गा.पा. भवन म्याद थप सम्बन्धमा ।
३. क्वादीखोला र चापखोलामा मेशिन प्रयोग अनुमती सम्बन्धमा ।
४. शिक्षा योजना स्वीकृत सम्बन्धमा ।
५. गाउँपालिका अस्पताल निर्माण तथा रनिङ्ग बिल बमोजिमको रकम भुक्तानी सम्बन्धमा ।
६. प्रदेश सरकार समक्ष समपुरक र विशेष अनुदानका आयोजना माग सम्बन्धमा ।
७. विपद सहयोग सम्बन्धमा ।
८. रुखहरु हटाउने सम्बन्धमा ।
९. सेतीभतेरीघाट उत्खनन प्रगति सम्बन्धमा ।
१०. देवघाट जेसिसलाई कार्यक्रम सहयोग सम्बन्धमा ।
११. ज्यालादारी कर्मचारीको चाडपर्व र पोशाक खर्च भुक्तानी सम्बन्धमा ।
१२. टाइम स्क्वाएर संस्थासँग लागत साझेदारी सम्बन्धमा ।
१३. भृकुटी मा.वि.लाई फर्निचर सहयोग गर्ने सम्बन्धमा ।
१४. श्रोत साधनको उपलब्धताको आधारमा सि.सि.टि.भि. जडान गर्ने सम्बन्धमा ।
१५. कृषक समुह तथा कृषकहरुलाई दिइने सिफारिस सम्बन्धमा ।
१६. भुवनटारघाटबाट नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन कार्यका लागि सम्झौता गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिका वैठकको निर्णयहरुको कार्यान्वयन प्रगती समीक्षा गरियो ।

**निर्णय नं. २:** गाउँपालिकाको प्रशासनिक भवन निर्माणको ठेक्का म्याद थप सम्बन्धमा यस अघिको कार्यपालिकाको वैठकमा जे-जस्तो निर्णय भएतापनि यस अघी स्वीकृत भेरियसन अर्डर (VO) तथा अन्य प्राविधिक कारणले गर्दा उक्त भवन ठेक्का म्याद मिति २०८० आषाढ १५ गते सम्म जरिवाना नलिई थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** चापखोला र क्वादीखोलाबाट नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का लगाई उत्खनन कार्यादेश दिइएकोमा ठेकेदारको निवेदन, अनुगमन समितिको सिफारिस निर्णय अनुसार तपसिल अनुसार मेशिनरी प्रयोग अनुमती दिने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

**क) चापखोला**

१) टायरवाला मेशिन (ब्याक हो लोडर) थान – १

२) एक्साभेटर थान - १

३) समय: वैशाख मसान्तसम्म

**ख) कादीखोला**

१) टायरवाला मेशिन (ब्याक हो लोडर) थान – १

२) एक्साभेटर थान - १

३) समय: वैशाख मसान्तसम्म

साथै नदीजन्य पदार्थ ढुवानीका क्रममा सवारी साधनको आवत-जावत गर्दा कच्ची बाटो बिग्रन सक्ने भएकोले आपतकालिन अवस्थामा बाटो मर्मत तथा सवारी साधन व्यवस्थापन गर्न थप १ थान एक्साभेटर तयारी अवस्थामा राख्न दिने निर्णय समेत गरियो ।

**निर्णय नं. ४:** गाउँ शिक्षा योजना (आ.व. २०७९/०८० – २०८३/०८४) स्वीकृत गरियो ।

**निर्णय नं. ५:** गाउँपालिका अस्पताल निर्माणको ठेक्का लिएको रोशन शिवशक्ति जे.भि. ले रनिङ्ग बिल पेश गरेकोमा आवश्यक बजेट पठाइदिनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाइएको तर हाल सम्म रकम प्राप्त नभएकोले निर्माण कार्यमा बाधा पर्न गएको छ । साविक स्वास्थ्य चौकी सञ्चालन भईरहेको जग्गामा नेपाल सरकारबाट नै अस्पताल स्वीकृत भई निर्माण कार्य अगाडी बढेको साथै रकम पनि निकासा प्राप्त भई गत आर्थिक वर्षमा भुक्तानी पनि भएको कार्यको यस आ.व. मा यथाशिघ्र रकम पठाइदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६:** आर्थिक मामिला मन्त्रालयबाट माग भई आए अनुसार तपसिलका समपुरक र विशेष अनुदानका आयोजना माग गरी पठाउने निर्णय गरियो ।

**तपसिल:**

**क) समपुरक आयोजना:**

१) कालीगण्डकी लिफ्टिङ्ग सिंचाई आयोजना (देवघाट – ५ देउपुर)

२) झारखानी लिफ्टिङ्ग सिंचाई आयोजना (देवघाट – ५ झारखानी)

३) खाल्टे सिंचाई आयोजना (देवघाट – २ खाल्टे)

**ख) विशेष आयोजना:**

१) साउने कर्ताप सडक नयाँ ट्र्याक जोड्ने तथा स्तरोन्नती गर्ने आयोजना (देवघाट - ४ र ५ तनहुँ)

२) मास्दी खाल्टे सडक स्तरोन्नती आयोजना (देवघाट – २ तनहुँ)

३) लेकश्वाँरा फिदिमश्वाँरा खानेपानी आयोजना (देवघाट – २ र ३ तनहुँ)

**निर्णय नं. ७:** देवघाट – १ चण्डुलीको आम बहादुर गुरुङको धन्सारमा आगलागी भई क्षति भएको साथै गाई र गोरु मरेकोले रु. २०,०००/- (बिस हजार) र घटनाबाट गाई गोरु जोगाउने क्रममा स्थानीय मन बहादुर गुरुङलाई आगोले पोलेकोले रु. ८,०००/- (आठ हजार) विपद कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८:** वडा नं. १ को ढाँडखोला देखि कोटा सम्मको विद्युत प्रसारण लाईन वरपरका रुखहरु हावा-हुरी, पानीको कारण ढल्ने तथा हाँगा लाछिने भई विद्युत लाईनमा क्षति भई विद्तयु आपूर्ति बन्द हुने गरेको र पछि पनि सो सम्भावना भएकोले उक्त रुखहरु हटाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** सेतीभतेरी घाटबाट नदीजन्य पदार्थ उत्खनन प्रगति सम्बन्धमा छलफल गरियो । हालसम्म १००८० घ.मि. उत्खनन भई रु. ३३,५५,६४१.०० राजश्व आम्दानी भएको जानकारी भयो ।

**निर्णय नं. १०:** पर्यटकीय प्रवर्द्धनको लागि देवघाट जेसिसले बागमती र गण्डकी प्रदेश स्तरीय सम्मेलन आयोजना गर्ने भएकोले उक्त कार्यक्रमको लागि कार्यक्रम शिर्षकबाट रु. ६०,०००/- (साठी हजार रुपैंया) गाउँपालिकाबाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** ज्यालादारीका कर्मचारीहरु तथा स्वयंसेवक कर्मचारीहरुलाई ६ महिना सेवा अवधी पुगेमा एक महिनाको तलव बराबर चाडपर्व खर्च र पोशाक खर्च बापत रु. १०,०००/- (दश हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२:** विद्यालयको लागि विद्युतिय सामाग्री उपलब्ध गराउने टाइम स्क्वाएर संस्थालाई लागत साझेदारी स्वरुप चालु भैपरी शिर्षकबाट रु. ५०,०००/- (पचास हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** श्री भृकुटी मा.वि., देवघाट-३, तनहुँलाई आवश्यक फर्निचर उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४:** देवघाट दासढुङ्गा मोटरेवल पुल, देवघाटधाम झोलुङ्गे पुल, मदन आश्रित झोलुङ्गे पुल (जुगेडी र देवघाट जोड्ने), देउपुर हर्दि जोड्ने मोटरेवल पुल र गाईघाट पुलमा श्रोत साधनको उपलब्धताको आधारमा सि.सि.टि.भी. (CCTV) जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** कृषक समुह तथा कृषकहरुलाई गाउँपालिकाबाट दिइने सामान्य अनुदानका लागि वडाबाट दिइने सिफारिस निशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** भुवनटारघाटबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन गर्न स्वीकृत फर्म/ठेकेदारबाट अग्रिम ५०% (पचास प्रतिशत) रकम लिई सम्झौता गर्ने निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत